कपिलवस्तु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

# शिलवन्दी वोलपत्र आव्हान सम्वन्धि सूचना

वुद्ध दर्पण राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मितिः २०७५/९/२४

कपिलवस्तु नगरपालिकाको सीमाना भित्र पर्ने वाणगंगा खोलाको विभिन्न ७ वटा नाकाहरुवाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थको प्रदेश सरकारवाट तोकिएको दररेट अनुसार विक्री गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए वमोजिमका शर्तहरुको अधिनमा रही निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व.२०७५/०७६ को वांकी अवधि देखि २०७६ जेष्ठ मसान्त सम्मको लागि ठेक्का वन्दोवस्त गर्न मिति २०७५/९/१९ गतेको नगरकार्यपालिकावाट निर्णय भएको हुंदा ईच्छुक दर्तावाला व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुवाट आफुले लिन चाहेको ठेक्काको वोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसिलमा उल्लेख भएको म्याद भित्र वोलपत्र खरिद गरी आफुले कवुल गरेको ठेक्का रकम स्पष्ट वुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा नेपाली नागरिक भए आफुले कवुल गरेको ठेक्का अंकको ५ प्रतिशत्का दरले हुने रकम र गैर नेपाली नागरिक भए आफुले कवोल गरेको ठेक्का अंकको १० प्रतिशत्का दरले हुन आउने धरौटी रकम यस कपिलवस्तु नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य वैंक, तौलिहवा शाखामा रहेको ३११०३०३००७१०२ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंक वाट जारी गरिएको विडवण्ड वोलपत्र साथ राखी निर्दिष्ट स्थानमा वोलपत्रदाताको सही छाप गरी शिलवन्दी वोलपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । वोलपत्र विक्री तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोही समयमा सो को भोलिपल्ट गरिनेछ । वोलपत्र खोलिने समयमा वोलपत्रदाता स्वयं वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिहरुको रोहवरमा वोलपत्र खोलिनेछ । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा वदर गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । स्वीकृत वातावरणीय परिक्षणको प्रतिवेदन यस सूचनाको अभिन्न अंगकोरुपमा रहनेछ । थप जानकारीको लागि नगरपालिकाको सूचना पाटीमा हेर्न वा कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ ।

१ आन्तरिक विक्री तर्फः (ढुंगा, गिट्टी, वालुवा र मिस्कट)

| विवरण | | नदि र घाटको नाम | आ.व.०७५/०७६ मा विक्रीका लागि तोकिएको परिमाणः घन मिटरमा | आ.व.०७५/०७६ को लागि तोकिएको न्युनतम अंकः मुल्य अभिवृद्धि कर वाहेक | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| ठेक्का नं १ | १ | अकवरपुर घाट | २३७६० | | ५००० |
| | २ | विजगौरी घाट ( पिपरहवा देखि विजगौरी) | ५१९७.५ | | |
| | ३ | मालपारा घाट | ३२१७.५० | | |
| | ४ | रामघाट नाका | १२९९३.७५ | | |
| | ५ | तिलौरी नाका | २३७६ | | |
| | ६ | सगरहवा नाका ( वर्मेली देखि रुधौला) | ३४६५ | | |
| | ७ | निग्लिहवा नाका ( कुस्मा देखि जर्लैया) | ५१४८० | २१७०११७९.२७ | |
| जम्मा | | | १०२४८९.७५ | २१७०११७९.२७ | |

२ शुल्क लिने दररेटः

ढुंगा,गिट्टी, वालुवा, मिस्कटः प्रति क्यू.फिट रु ६

३ वोलपत्र विक्री तथा दर्ता हुने अन्तिम मिति र समयः सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र विक्री र सोको भोलिपल्ट १२:०० सम्म दर्ता ।

४ वोलपत्र दर्ता गर्ने स्थानः जिल्ला प्रशासन कार्यालय र कपिलवस्तु नगरकार्यपालिकाको कार्यालय, तौलिहवा ।

वोलपत्र खोलिने स्थान,मिति र समयः कपिलवस्तु नगरकार्यपालिकाको कार्यालय,तौलिहवा, वोलपत्र दर्ता भएको दिनको ठीक २:०० वजे

०७५/९/२४

प्रमुख प्रशासकिय अधिकृत

**शर्तहरु:**

१ ठेक्का कवोल गरेको रकम अग्रिम रुपमा एकमुष्ट वुझाउनु पर्नेछ ।

२ वोलपत्र खरिदकर्ताले वोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी,मु.अ.कर दर्ताको प्रमाणपत्र,करचुक्ताको प्रमाणपत्र,फर्म दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपी सहित तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ ।

३ वोलपत्र खरिदकर्ताले आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलवन्दी वोलपत्र फिर्ता तथा संशोधन हुने छैनन् ।

४ वोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै वमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

५ ठेकेदारले नेपाल सरकार,प्रदेश सरकार तथा नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ साथै कार्यालय र ठेकेदार वीच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

६ ठेकेदारले सम्झौतापत्रमा तोकिएको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ सो भन्दा फरक गरि संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

७ प्रचलित नियमानुसार कालोसूचीमा परेका,नगरपालिकालाई वुझाउनुपर्ने वांकी वक्यौता भएका व्यक्ति,फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८ नगरपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदार स्वयंले छपाई सो रसिदहरु यस कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ, अनुगमनको क्रममा प्रमाणित नभएको रसिद फेला परेमा कारवाही गरिनेछ ।

९ ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिका कार्यालयमा वुझाउनुपर्ने रकममा कुनै किसिमको छुट वा मिनाहाको लागि दावी गर्न पाईनेछैन ।

१० नदीको घाटगढ्ढीस्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साइन वोर्ड) ठेकेदार स्वयंले आफ्नै खर्चमा राख्नुपर्नेछ साथै ठेकेदारवाट खटिएका कर्मचारीहरुलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्नेछ ।

११ प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ (IEE) वमोजिम कपिलवस्तु नगरपालिकाले तोकिदिएको नाका (स्थान) र घाटगढ्ढी स्थलवाट उत्खनन् तथा संकलन गर्नुपर्नेछ । तोकिएको स्थान वाहेक अन्य स्थानवाट उत्खनन् तथा संकलन गरेको पाइएमा नगरपालिकाद्वारा तोकिएको जरिवाना सहित ढुवानी साधन समेत जफत गरिनेछ ।

१२ नदीजन्य पदार्थ संकलनका लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा १९ (१) वमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन र घाटगढ्ढि सम्वन्धमा अनुसूचि ३ को मापदण्ड लागु हुनेछ ।

१३ घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन, वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको व्यवस्थाका साथै नदीजन्य पदार्थ ढुवानी गर्दा छोपेर मात्र ढुवानी गर्ने व्यवस्था ठेकेदार/ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

१४ ठेकेदारले १५/१५ दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी तथा प्रयोग भएको अर्धकट्टी रसिद समेत कार्यालयलाई अनिवार्यरुपमा उपलब्ध गराउनुपर्नेछ ।

१५ ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन् तथा घाटगढ्ढि स्थलको व्यवस्थापन सम्वन्धि खर्च स्वयंले गर्नुपर्नेछ ।

१६ विहान सूर्योदय भन्दा अगाडि र सांझ सूर्यास्त भन्दा पछाडि ढुवानीका साधनहरु घाटगढ्ढि स्थलहरुमा प्रवेश गर्न पाईनेछैन । तोकिएको समय विपरित गएमा ढुवानीसाधनहरुलाई कारवाही गरिनेछ ।

१७ नदीजन्य पदार्थ संकलन गर्ने कार्यको सम्झौता पश्चात् तोकिएको स्थान र परिमाणका सम्वन्धमा नगरपालिकाको प्राविधिकवाट एकीन पश्चात् नदीजन्य पदार्थको निकासी हुने व्यवस्था ठेकेदारले मिलाउनु पर्नेछ ।

१८ तोकिएको स्थानको लम्वाई,चौडाई र उचाई खुल्ने रिफरेन्स कायम गरि चिनो लगाएको मुचुल्का तयार गरेपछि मात्र उत्खनन् कार्य शुरु हुनेछ ।

१९ भारी उपकरण (मेशिन) प्रयोग गर्ने सम्वन्धि व्यवस्था यस नगरपालिकाले तोके वमोजिम हुनेछ ।

२० यस सूचनामा उल्लेख भएको विषय यसै सूचना वमोजिम र यस सूचनामा उल्लेख नभएको विषय प्रचलित ऐन,नियम, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ वमोजिम हुनेछ ।

२१ वातावरणीय परिक्षण प्रतिवेदन २०७५ मा भएका प्रावधानहरुको व्याख्या गर्ने अधिकार कपिलवस्तु नगरपालिकामा सुरक्षित रहनेछ ।

कपिलवस्तु नगरपालिका तौलिहवा २०७३

प्रमुख प्रशासकिय अधिकृत

२०७५/१/२४